"शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार र व्यापार; सुन्दर, समृद्ध तथा समुन्नत गौरको आधार"

# गौर नगरपालिका

## Gaur Municipality

## नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

गौर, रौतहट
Gaur,Rautahat
**मधेश प्रदेश, नेपाल**
Madhesh Province, Nepal

पत्र संख्याः-२०८०/०८१
चलानी नं. २५८

मितिः-२०८०/०५/१७

**बिषयः- प्रतिवेदन पेश गरेको सम्बन्धमा ।**

श्री गौर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौर, रौतहट ।

प्रस्तुत बिषयमा गौर नगरपालिकाको आ.व.२०७९/०८० को आर्थिक कारोवारहरुको सेस्ता, कागजात र विवरणहरुको आन्तरिक लेखा परीक्षण सम्पन्न गरी सो सम्बन्धी प्रतिवेदन यसै पत्रसाथ संलग्न गरी आवश्यक कार्यार्थ पेश गरेको छु ।

(सरोज कुमार लाल दास)
लेखा परीक्षण अधिकारी

सरोज कुमार लाल दास
शाखा प्रमुख
आन्तरिक लेखा परिक्षण शाखा

**बोधार्थ**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमान्डौ ।
श्री महालेखा परीक्षकको कार्यालय
बबरमहल, काठमान्डौ ।
श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय
गौर, रौतहट ।

## आन्तरिक लेखापरीक्षण प्रतिवेदन

**कार्यालय र स्थानः-गौर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गौर रौतहट आर्थिक वर्षः२०७९/०८०**

| | नाम | कार्यरत अवधि | | बेरुजूरकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| कार्यालय प्रमुखः | नि.प्रमुख प्रशासकीय अधिकृत सुभाष कुमार ठाकुर | २०७९/०४/०१ | २०८०/०३/३१ | |
| लेखा प्रमुखः | लेखापाल सोहैल अंसारी | २०७९/०४/०१ | २०८०/०३/३१ | |

**बजेट उपशिर्षक नं :- बिभिन्न/ कार्यालयको नामः- गौर नगरपालिका**

| दफा | आन्तरिक लेखा परीक्षणको व्यहोरा/गोश्वारा भौचर नं. र मिति | बेरुजू रकम |
|---|---|---|
| १. | **परिचय**-स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गौर नगरपालिकाको २०४८ साल चैत्र ३० गतेमा तत्कालिन गौर, टिकुलिया, पुरेनवा, सिर्सिया र सवगढा गरी ५ गा.वि.स.हरु मिलि बनेको र विधिवत रुपमा २०४९ साल वैशाख २४ गतेबाट कार्यालय स्थापन भई कार्य संचालन भएको हो । संघिय लोकतान्त्रिक गणतंत्र स्थापना पश्यात नेपालको संविधानले परिकल्पनागरेको ३ तहको शासन व्यवस्था अन्तर्गत साविकको गा.वि.स. र न.पा. गाउपालिका र नगरपालिकामा रुपान्तर हुने व्यवस्था वमोजिम गौर न.पा.१३ वडा बाट घटेर ९ वडामा सिमितहुन पुगेको छ, स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह□अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गौर नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, ५० सभा सदस्य, २१.५३ वर्ग किलोमिटर क्षेत्रफल तथा राष्ट्रिय जनगणना २०७८ अनुसार महिला र पुरुष गरी कूल जनसंख्या ४० हजार ३ सय ६८ रहेको छ । यस नगरपालिका क्षेत्रभित्र ६०६२ घरधुरी रहेको छ ।मुस्लिम, तेली कानु,कल्वार, ब्राहमण, यादव, मलाह, सहनी, बीन, दुसाध, पासवान, कुर्मी, कायस्थ,वनिया,केशरी, राजपूत, कोडरी,तत्मा, लोहार,कुम्हार,चमार आदिको बसोवास रहेको यस नगरपालिकामा ६४.६% प्रतिशत साक्षरता रहेको छ । | |
| २. | **बार्षिक बजेट स्विकृतिः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान, सोहि ऐनको दफा ६५,६६ र ६७ बमोजिम प्रकृया पुर्याइ कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्त भित्र नै पारीत गर्नुपर्ने व्यवस्था अनुसार यस नगरपालिकाले मिति २०७९/०३/१० गते रु.५७ करोड १ लाख ६९ हजार ६ सय ९७ रुपयाँको बजेट सभा समक्ष पेश गरी मिति २०७९/०३/१७ मा पारित भएको छ । नगरपालिकाले यो वर्ष पूँजीगत कार्यक्रममा रु २३ करोड ७६ लाख ७२ हजार ९ सय ४१ रुपैयाको बजेट विनियोजन गरेको छ भने चालु खर्च शर्सत र निशर्त गरी रु ३२ करोड ७९ लाख ९६ हजार ७ सय ५६ रुपैया र वित्तिय व्यवस्था तर्फ रु ४५ लाख गरी कुल रु. ५७ करोड, १ लाख ६९ हजार ६ सय ९७ रुपयाँको आय-व्ययको अनुमान पेश गरी बजेट पारीत गरेको देखिएको छ भने आ.व. ०७९/०८० मा थप बजेट प्राप्त हुन आएको रकम समेत समावेश गरी मिति २०७९/०९/२९ गतेको ११ औं नगरसभामा संसोधित बजेट पेश भई चालु खर्च तर्फ रु ३५,८९,१०,५३७/- पूँजिगत खर्च रु २८,३९,७०,१६०/- र वित्तिय व्यवस्था तर्फ ३४,११,०००/- गरी कूल बजेट ६४,६२,९१,६९७/- को बजेट पारित गरेको देखिएको छ । | |

| | | | |
|---|---|---|---|
| गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत भएको वार्षिक वजेट तथा कार्यक्रम उपप्रमुख वा असमर्थतामा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्य मार्फत गाउँ वा नगर सभामा प्रस्तुत गरी सक्नु पर्नेछ | असार १० गतेभित्र | आसार १० | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कोदफा ७१,स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदाँ ६ |
| कार्यपालिकावाट पेश भएको वजेट तथा कार्यक्रम सम्वन्धित सभाले पारित गरिसक्नु पर्नेछ । | असार मसान्त भित्र | आसार १३ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ |
| सभाले स्वीकृत गरेको वार्षिक वजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्ने छ । साथै सम्बन्धित पालिकाको वेवसाईटमा समेत प्रकाशन गर्नु पर्नेछ | श्रावण १५ भित्र | छ | स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदाँ ६ |

सरोज कुमार लाल दास
शाखा प्रमुख
आन्तरिक लेखा परिक्षण शाखा

| दफा | आन्तरिक लेखा परीक्षणको व्यहोरा/गोश्वारा भौचर नं. र मिति | बेरुजू रकम |
|---|---|---|
| ३. | **खर्च गर्ने अख्तियारी र कार्यविधीः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रमुख प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिव अधिकृत स्तरको भए कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९/०८० को आय व्ययको प्रक्षेपण २०७९ आषाढ १३ मा सभावाट स्वीकृत भएको र सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था अन्तर्गत यस नगरपालिकाका नगर प्रमुखले २०७९/०३/१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। | |

| बजेट कार्यान्वयन चरण | नियमको व्यबस्था | कार्य भएको मिति | सन्दर्भ कानुन |
|---|---|---|---|
| सभाबाट बजेट स्विकृत भएको मिति | असार मसान्त भित्र | २०७९/०३/१३ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ |
| प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान । | सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र | २०७८/०३/१७ | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ |
| प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ८ बमोजिमको ढाँचामा कार्यक्रम स्वीकृत गरी सम्बन्धित विभाग, महाशाखा,शाखा र इकाइ प्रमुख र वडा सचिवलाई लिखित रुपमा योजना कार्यान्वयनको जिम्मा दिनुपर्ने । | अख्तियारी प्राप्त भएको १५ दिनभित्र | छ | स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ६ |
| सम्बन्धित विभाग,महाशाखा,शाखा,एकाइ प्रमुख र वडा सचिवले कार्यक्रम कार्यान्वयनको कार्य तालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ । | योजना कार्यान्वयनको जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र | छ | स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |
| सबै विभाग,महाशाखा,शाखा,इकाइ प्रमुख र वडा सचिवबाट प्राप्त कार्ययोजनालाई प्रमुख प्रशासकीय अधिकृतले एकत्रित गरी एकीकृत कार्यान्वयन कार्य योजना कार्यपालिका समक्ष पेश गर्नु पर्ने । | | छ | स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |

सरोज कुमार लाल दास
शाखा प्रमुख
आन्तरिक लेखा परिक्षण शाखा

| दफा | आन्तरिक लेखा परीक्षणको व्यहोरा/गोश्वारा भौचर नं. र मिति | बेरुजू रकम |
|---|---|---|

४. **खर्च खाता सञ्चालनः** नेपाल राष्ट्र बैंकको सरकारी कारोवार निर्देशिका २०७६ को बुदाँ ४.२ मा भएको व्यवस्था अनुसार स्थानीय तहको खर्चको लागी कार्यसञ्चालन स्तरमा खाता खोल्नुपर्दा बर्षभरी निरन्तर चालु राखी आर्थिक बर्षको अन्त्यमा शुन्य गरी आगामी आर्थिक बर्षको लागी नविकरण गरेर मात्र खाता सञ्चालन गर्नुपदर्छ । सो प्रयोजनको लागी जोर वर्षमा जोर र बिजोर वर्षको लागि बिजोर अलग अलग खाता खोल्नुपर्ने व्यवस्था उल्लेख छ । जुन आर्थिक बर्षको लागी खोलिएको खर्च खाता हो सोही आर्थिक बर्षको लागी सो खातामा संञ्चित कोषबाट बजेट अनुसार चौमासिक रुपमा ट्रान्सफर गरी प्राप्त निकासा रकम, कारणवस पेश्की प्रदान गरिएको रकम वा अन्य रकम फिर्ता हुन आएका रकम आर्थिक बर्ष नसकिदै सोही खातामा जम्मा गर्न सकिनेछ । चालु आ.व.को आषाढ मसान्तमा यस्ता खाताहरुमा बाँकी रहेको रकममध्ये सशर्त, समपुरक र विशेष अनुदानको प्राप्त रकम सम्वन्धित सरकारलाइ फिर्ता गर्न चेक जारी गनुपर्छ भने समानिकरण, राजश्व बाडफाड, आन्तरिक श्रोत र ऋण रकम भए सञ्चित कोषमा फिर्ता पठाउनुपर्ने ब्यबस्था छ । त्यस्तै आर्थिक बर्षको अन्त्यमा भुक्तानी दिन बाकी चेकहरु म.ले.प.फा.नं.२२० भरी सम्बन्धित वैंकलाइ उपलव्ध गराइ १५ दिनभित्र साँटी बाकी रहेको रकम सञ्चितकोष खातामा दाखिला गनुपर्ने व्यवस्था उल्लेख छ । सो व्यवस्था बमोजिम नगरपालिकाले कार्यसञ्चालन स्तरका खाताहरु खोलि सरकारी कारोवार गर्दा नेपाल राष्ट्र बैंकको सरकारी कारोवार निर्देशिका पालना गरेको देखिन्छ ।साथै ०७९/०८० मा खर्च गरी बाँकी रहेको रकम २०८० अषाढ मसान्त भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयलाई देहाय अनुसार फिर्ता गरेको देखिएको छ ।

| क्र.सं. | बजेटको स्रोत/तह | स्रोत | विधि | फिर्ता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेपाल सरकार (चालु) | सशर्त अनुदान | नगद अनुदान | ९३८४३२०/७६ | |
| २ | नेपाल सरकार आन्तरिक ऋण | सशर्त अनुदान | नगद | १४४७०३९/- | |
| ३ | आई डि ए | सशर्त अनुदान | सोधभर्ना हुनेऋण (वैदेशिक) | ६१९२३६/३० | |
| ४ | एस इ एस पी | सशर्त अनुदान | सोधभर्ना हुने अनुदान | १०००००/- | |
| ५ | एस इ एस पी | सशर्त अनुदान | सोधभर्ना हुने ऋण | ५८८३४९/३० | |
| ६ | युनिसेफ (युरोपियन यूनियन) | सशर्त अनुदान | नगद अनुदान | ९८८१/- | |
| ७ | स्वीटजरल्याण्ड एस डी सी | सशर्त अनुदान | नगद अनुदान | ११,३९,९२०/२० | |
| ८ | नेपाल सरकार (पुजीगत) | सशर्त अनुदान | नगद | ४७७६३/- | |
| ९ | नेपाल सरकार/आन्तरिक ऋण | सशर्त अनुदान | नगद | २०७४८०६/- | |
| १० | आई डि ए | सशर्त अनुदान | सोधभर्ना हुने ऋण | ३५४७८/ | |
| ११ | एस इ इस पी | सशर्त अनुदान | सोधभर्ना हुने अनुदान | १४४५३३/- | |
| १२ | नेपाल सरकार/आन्तरिक ऋण (पुजीगत) | विशेष अनुदान | नगद | ३२५५१४०/- | |
| १३ | मधेश प्रदेश सशर्त अनुदान (पुजीगत) | सशर्त अनुदान | नगद अनुदान | २७५६०१/- | |
| १४ | मधेश प्रदेश विशेष अनुदान (पुजीगत) | विशेष अनुदान | नगद अनुदान | ८४३१६/- | |
| | | | कूल जम्मा:- | १९२०६३८३/५६ | |

- वित्तीय विवरण विश्लेषण

५. गौर नगरपालिकाको कार्यालय

प्राप्ति र भुक्तानी हिसाब

आर्थिक वर्ष:२०७९।०८०

६.
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइयो ।त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गरेको देखिन्छ ।

कुमार लाल दास

शाखा प्रमुख

आन्तरिक लेखा परि...

७. **धरौटी तथा कोषहरुः** नगरपालिकाको यस बर्षको धरौटी तथा अन्य कोषमा जिम्मेबारी,आम्दानी खर्च देहाय बमोजिम रहेको देखिएको छ

| विवरण | धरौटी खाता | प्रकोप व्यवस्थापन | त्रिबिध कोष | बिबिध खर्च खाता | जम्मा |
|---|---|---|---|---|---|
| शुरु मौज्दात | ४५६३०३०/३६ | २७०३१७१/८३ | २९१८४६८/- | ०/- | १०१८४६७०/१९ |
| यस बर्ष आम्दानी | ७२२५३३५/- | ५०००००/- | ५०९८७५३/- | २०८०७८७३/५० | ३३६३१९६१/५० |
| जम्मा | ११७८८३६५/३६ | ३२०३१७१/८३ | ८०१७२२१/- | २०८०७८७३/५० | ४३८१६६३१/६९ |
| यस बर्ष खर्च | ५३९०४५५/- | ३१६०७५८/- | ६१८१६३८/- | २०७८७५७३/५० | ३५५२०४२४/५ |
| बाँकी | ६३९७९१०/३६ | ४२४१३/८३ | १८३५५८३/- | २०३००/- | ८२९६२०७/१९ |

८. **न्यायीक समिति□** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

९. **बित्तिय ब्यबस्थापनः** राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्तिय आयोगले आर्थिक बर्ष २०७९।०८० को स्थानिय तहले परिचालन गर्ने आन्तरिक ऋणको सिमा तथा उपयोग गर्दा मार्गदर्शन अनुसार आ.ब. २०७९।८० मा संघिय सरकार र प्रदेश सञ्चित कोषबाट प्राप्त हुने राजश्व बाँडफाड र स्थानिय तहको आन्तरीक श्रोतबाट प्राप्त हुने राजश्वको योगफलको १० प्रतिशतमा नबढ्ने गरी आन्तरीक ऋण उठाउने ,आन्तरीक ऋणको परिचालन, पुजि निर्माण र दिर्घकालीन लाभ दिने प्रकृतिका उत्पादनशिल, रोजगारमुलक तथा आन्तरिक आय बढाउने क्षेत्रमा कार्य गर्ने, साधारण प्रकृतिका र प्रशासनिक खर्चका लागी आन्तरीक ऋणको उपयोग नगर्ने, ऋण लगानी गरी सञ्चालन हुने परियोजनाबाट प्राप्त हुने लाभ र आम्दानीबाट सो परियोजनाको लागी भएको ऋणको सावा र ब्याज, भुक्तानी गर्ने सुनिश्चित भएका परियोजनामा मात्र ऋण परिचालन गर्ने ब्यबस्था छ । यस नगरपालिकाले बसपार्क निर्माणको लागी २०६७ सालमा नगर विकास कोष नयाँ बानेश्वर सँग **४,०२,०५,५६९।६३** ऋण लिएकोमा सो ऋणको ब्याज बापत यस बर्ष आन्तरीक श्रोतमा साँवा तथा ब्याज बापत रु. ३४११०००/- खर्च गरी भुक्तानी गरेको छ । चालु आर्थिक वर्षमा कुनै किसिमको ऋण लिएको देखिदैन भने बित्तिय ब्यबस्थापनको ऋण हिसाब एकिकृत प्राप्ती तथा भुक्तानी हिसावमा देखाएको छ ।

१०. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०७७/०७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | १८८७५०००/- | १५७८०९९३/७८ | ८३.६०% |
| सामाजिक क्षेत्र | २४८५०३२६५/- | २३४७२५०६९/८४ | ९४.४५% |
| पूर्वाधार विकास क्षेत्र | २०२५९४५२९/- | १३६९८२५३२/२२ | ६७.६१% |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३१९४७०००/- | २९७९०७५२/४६ | ९३.२५% |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १४४३७१९०३/- | ११००११४४२/६९ | ७६.२०% |
| जम्माः- | ६४६२९१६९७/- | ५२७२९०७९०/९९ | ८१.५९% |

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः

११. **खर्च बिश्लेषणः** गौर नगरपालिकाले यस बर्ष कुल आन्तिरक आयबाट रु ४१८९९१९८/५४, राजस्व बाँडफाँडबाट रु.७७६३२७४८/२५, अनुदानबाट रु ४४०३३५११६/४४ र जन सहभागीता तर्फ रु ११५०२१८२/- समेत रु ५७१३६९२४५/२३ आम्दानी भएकोमा चालु तर्फ रु ३१५९३०७२२/७७, पूँजिगत तर्फ रु.२०७९४९०६८/२२ र बित्तिय ब्यबस्था तर्फ रु ३४११०००/- समेत गरी रु. ५२७२९०७९०/९९ खर्च गरेको देखिन्छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.९० प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु १२३९२०००/- खर्च भएको छ जुन आन्तरिक आयको ३४.०३ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५९.९२ प्रतिशत चालु खर्च र ३९.४४ प्रतिशत पूँजिगत खर्च र ०.६४ प्रतिशत वितिय व्यस्थापन खर्च भएको देखिन्छ । यसबाट नगरपालिकाहरुले बिकास निर्माण प्रयोजनमा कम खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकतम रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ ।

१२. **बैक हिसाब मिलान** –स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२। बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्ने व्यवस्था छ ।स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान गरी विवरण तयार गरी राखेको देखिन्छ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | ग २.१चालू खर्च खाता- जोर वर्ष | ० | ० | ० |
| २ | ग २.३पूँजिगत खर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ३ | ग-२-६ वितिय व्यवस्था खर्च खाता | ० | ० | ० |
| ४ | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ४४०८६०६४/८८ | ४४२०७२५८/८८ | १२११९४/- चेक साटन बाँकी |
| ५ | ग-१.३ आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ६ | ग-१.२ राजश्व बाँडफाँड खाता | ० | ० | ० |
| ७ | ग-१.१ आन्तरिक राजश्व खाता | ० | ० | ० |
| ८ | ग-२.७ विविध खर्च खाता | ०/- | ०/- | ० |
| ९ | ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष | ४२४१३/८३ | ४२४१३/८३ | ० |
| १० | ग.५-१ विविध कोष खाता | १८३५५८३/- | १८३५५८३/- | ० |
| ११ | ग.३ धरौटी खाता | ६३९७९१०/३६ | ६३९७९१०/३६ | ० |
| | जम्माः- | ५२३६१९७२/०७ | ५२४८३१६६/०७ | १२११९४/- |

१३. **राजश्व खाता सञ्चालनः** नेपाल राष्ट्र बैंकको सरकारी कारोवार निर्देशिका २०७६ बुदा नं. ४.१ मा स्थानीय तहले प्राप्त गर्ने सबै प्रकार राजश्व, अनुदान तथा बित्तिय ब्यबस्था बापतको रकमहरु शुरुमा ग -१ समुह अन्तरगतको खातामा जम्मा गनुपर्ने व्यवस्था उल्लेख छ, ग-१ खाताहरुमा रकम जम्मा गर्न मिल्ने तर खर्च लेख्न नमिल्ने हुदा स्थानीय तह सन्चित कोष खातामा खाता सञ्चालकको संयूक्त दस्तखतबाट बैक आदेश बमोजिम ट्रान्सफर गरिने ब्यबस्था रहेकोमा यस नगरपालिकाले निर्देशिका बमोजिम सबै खाताहरु राष्ट्रिय वाणिज्य बैंक शाखा गौरमा खोली प्राप्त भएका रकमहरु निर्देशिका बमोजिम कोषमा दाखिला गरेको देखिन्छ ।

१४.

१५. **चौमासिक पूँजीगत खर्चः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रम मा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा २४.१०% दोस्रो चौमासिकमा २८.३८%, र तेस्रो चौमासिकमा ४७.५२% खर्च भएको देखिएको छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| सि. नं. | चौमासिक खर्च विविरण | कुल खर्च | चौमासिक खर्च | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | |
| १ | | ५२७२९०७९०/९९ | १२७१२९६५८/५१ | १४९६०२८७३/६२ | २५०५५८२५८/८६ | |
| | खर्च प्रतिशत | १०० | २४.१० | २८.३८ | ४७.५२ | |

१६. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। यस नगरपालिकामा साविकमा प्रमुख प्रशासकीय अधिकृत सहित ७२ पदको दरबन्दी स्वीकृत रहेकोमा हालमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौबाट श्रेणी बिहिन कर्मचारी बाहेक ४८ पदको दरबन्दी स्वीकृत गरेकोमा लेखापरीक्षण अवधि सम्म श्रेणी बिहिन कर्मचारी बाहेक प्रमुख प्रशासकीय अधिकृत सहित २३ जना कर्मचारीको पदपूर्ति भएको देखिन्छ ।

१७. **कर्मचारी करार-**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र



शाखा प्रमुख

| | | |
|---|---|---|
| | कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ तर नगरपालिकाले विभिन्न पदमा १२८ जना कर्मचारीहरु करारमा राखी रु.२४१२४६६९/७० खर्च लेखेको छ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम नगरपालिकाले नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करार बाट सेवा लिन सकिने व्यवस्था गरेको छ।स्थानीय तहले माथि उल्लेखित पद बाहेकको विभिन्न इन्जिनियर अमिन अहेब सहायक कम्प्युटर अपरेटर पदमा करारमा नियुक्ति गरी कार्य संचालन गरेको देखिन्छ । | |

१८. **सार्वजनिक जग्गाको संरक्षण** स्थानीय सरकार सन्चालन ऐनको दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबाँयाको रुख, आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क, वा अन्य संरचना, सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रवन्ध गर्नुपर्ने व्यवस्था रहेको छ ।यस नगरपालिकाले त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख राखि रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध समेत गर्नु पर्दछ। यस नगरपालिकाले देहाय बमोजिमको सार्वजनिक सम्पतीको अभिलेख तयार गरी राखेको देखिन्छ ।

- सार्वजनिक ऐलानी जग्गाः- ६ विगहा, १० कठा ६ धुर ८ कन्वा
- नगरपालिकाको नाममा रहेको जग्गाः- ४ विगहा, ६ कठा,१४ धुर ६ कन्वा
- गौर बसपार्कः- १
- मठ मन्दिर तथा मस्जिदः- मस्जीद १० वटा, मन्दिर २२
- तालतलैया तथा पोखरीः- ३ वटा
- नगरपालिका क्षेत्रभित्रका सार्वजनिक शौचालयः- ६ वटा
- हाट बजारः- २ वटा

१९. **सुशासन ऐन तथा सूचनाको हक कार्यन्वयन अवस्थाः-** सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सावंजनिक निकायले आफ्नो निकायसंग सम्बन्धित विभिन्न सूचनाहरु प्रकाशन गर्नुपर्ने व्यवस्थाका साथै, सुशासन ऐन (व्यवस्थापन तथा सञ्चालन), २०६४ मा सरकारी निकायले आफूले एक आर्थिक वर्षभरी सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका काम र प्रगति तथा लागत लगायतका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने प्रावधान रहेकोछ । यी प्रावधान अनुसार यस नगरपालिकाले २०७९ ०८० मा गरेका कार्यहरु समेटेर वार्षिक प्रतिवेदन तयार गरी वेभसाइडमा अपलोड गरेको छ ।

| बिबरण | वेभसाइडमा अपलोड | सन्दर्भ कानून |
|---|---|---|
| वार्षिक निति तथा कार्यक्रम | अपलोड भएको | सरकारी निकायको वेभसाइड निर्माण तथा व्यवस्थापन निर्देशिका २०६८ को बुदा ५(१) |
| नगरपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण तयार वा अद्यावधिक गरेको | तयारी तथा अपलोड नभएको | स्थानीय तह वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ बुदा ८.२ |
| सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम वार्षिक प्रतिवेदन | तयारी तथा अपलोड नभएको | सरकारी निकायको वेभसाइड निर्माण तथा व्यवस्थापन निर्देशिका २०६८ को बुदा ५(१) |
| नगरपालिकाले आफ्नो आय व्ययको विवरण प्रत्येक महिनाको ७ गतेभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था । | अपलोड भएको | स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ को उपदफा ४ |

२०. **राष्ट्रिय भवन संहिता-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४३ बमोजिम भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवन संहिताको पालना गर्नुपर्ने व्यवस्था छ । राष्ट्रिय भवन संहिताको अधिनमा रही थप मापदण्ड समेत बनाई लागू गर्न सक्ने व्यवस्था छ । भवनसंहिता पालनालाई नगरपालिकाले कार्यान्वयनमा ल्याएको छ ।

२१. **फोहोरमैला व्यवस्थापनः** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ, नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ । स्थानिय तहले फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफिल साइटको दीर्घकालीन व्यवस्थापन र पूर्वाधार निर्माण गरेको छैन् ।फोहोरमैला व्यवस्थापन सम्बन्धमा उपयुक्त प्रविधिको अध्ययन अनुसन्धान गरी प्रविधि विकासको कार्य र "प्रदुषकले शुल्क तिर्ने"अवधारणा लागू गरी दीगो व्यवस्थापन गर्नु पर्ने देखिन्छ

२२. **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर



शाखा प्रमुख

र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर र घरजग्गा कर | २००००००/- | १५११५७७/३२ | ७५.५७ |
| घरजग्गा वहाल कर | २००००००/- | १४८३४९३/३८ | ७४.१७ |
| व्यवसाय कर | १००००००/- | १६९६२२३/६७ | १६९.६२ |
| वहाल विरौटी कर | ४०००००/- | ५२०७००/- | १३०.१७ |

नगरपालिकाको कर,दस्तुर र शुल्कहरु प्रत्येक वडाहरुबाट अनलाईन असुल उपर भईरहेको देखियो । जुन प्रविधि मैत्री र नागरिक सुविधाका लागि राम्रो पक्ष हो ।

२३. **बिज्ञापन करः** मधेश प्रदेश आर्थिक ऐन २०७६ को दफा दफा ५ मा प्रदेश भित्र राखिने होडिङ्ग बोर्ड, साइनबोर्ड, ब्यानर,ट्राइभिजन बोर्ड,ग्लोबोर्ड, डिजिटल बोर्ड,स्टल, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने लेखेको वा बिद्युतिय तरंग प्रयोग गरिएको प्रचार सामाग्रीबाट गरिएको बिज्ञापनमा स्थानीय तहले निर्धारण गरे बमोजिम नगरपालिकाले संकलन गरी चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यबस्था छ । आर्थिक वर्ष २०७९।०८० मा नगरपालिकाले यस् प्रकारका कूनै पनि कर संकलन गरेको नपाईएकोले आफ्नो क्षेत्रभित्रवाट उठ्नु पर्ने बिज्ञापन कर एकिन गरि असुल गर्नुपर्दछ।

२४. **आन्तरिक आय असुलीः**-आर्थिक कार्यविधि नियमित तथा ब्यबस्थित गर्न बनेको ऐन २०७४ को दफा १३ मा जिम्मेवार ब्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदको हकमा सोहि दिन वा भोलिपल्ट तोकिएको बैक खातामा दाखिला गरी श्रेस्ताखडा गनुपर्ने ब्यबस्था छ। त्यस्तै सोहि दफामा दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिबाना गरी दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जंरीवाना गरी नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार निज माथि बिभागीय कारवाही सम्म गर्न सक्ने ब्यबस्था छ । नगरपालिकाको देहाय आम्दानी राजश्व खातामा दाखिला गरेको देखिन्छ

| वडा | आम्दनी | दाखिला | असुल गर्नुपर्ने |
|---|---|---|---|
| १. | ४२६१८०.०२ | ४२६१८०.०२ | |
| २. | ३५८४८६.२१ | ३५८४८६.२१ | |
| ३. | ३८४१२०.७३ | ३४७८४८.२५ | ३६२७२.४८ |
| ४. | ६८६४८४.९७ | ६६६७१२.९७ | १९७७२ |
| ५. | ९६३९६९.३३ | ९६३५९५.३३ | ३७४ |
| ६. | ५०३२९१.३१ | ५०३२९१.३१ | |
| ७. | २६२३६६.४३ | २५८०९२.४३ | ४२७४ |
| ८ | २४१७०३.६७ | २४१७०३.६७ | |
| ९. | ४२३५७३.४४ | २७२७४६.४४ | १५०८२७ |
| कार्यालय | १०४५२०९०.२७ | १०४५२०९०.२७ | |
| **जम्मा** | **१४७०२२६६.३८** | **१४४९०७४६.९०** | **२११५१९.४८** |

२५. **पेस्की** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ र आर्थिक कार्यविधि नियमावली (५), २०६४ को नियम ७४ र ७९ बमोजिम पेस्की लिने र कार्यविधि अपनाई तोकिए बमोजिम फछ्र्यौट गर्ने व्यवस्था छ। निम्नानुसार पेश्की गएको रकम आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई वांकी रहेको देखिएकोले नियमावली अनुसार फछ्र्यौट गर्नुपर्ने देखिएको रु

| क.स. | पेश्कीको विवरण | पेश्की रकम | कैफियत |
|---|---|---|---|

शाखा प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जम्मा:- | ९५१८४१८/- | | | |
| | | | | | | |

| | | |
|---|---|---|
| २६. | **आर्थिक सहायता-** गौर नगरपालिकाले विपन्न तथा गरिब नागरिकलाई औषधी उपचार तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७५ बनाई विपन्न तथा गरीबहरुको औषधी उपचार तथा आर्थिक सहायता वापत रु.४२२०००/- भुक्तानी गरेको पाइयो। आगामी दिनमा यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्ने देखिन्छ । | |
| | **शसर्त अनुदान शिक्षा तर्फ** | |
| २७. | **पाठ्य पुस्तक अनुदान खर्च:-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० को क्रियाकलाप अनुसार बिधार्थी भर्ना भएक बिवरण, पाठयपुस्तक खरिद र बितरण गरेको आधारमा थप निकासा दिने ब्यवस्था छ । यस नगरपालिकाले १६ वटा बिधालयमा पाटयपुस्तक खरिदका लागी आब.२०७९/०८० मा रु.५४३२९९९/७० निकासा दिएकोमा बिद्यालयहरुले पुस्तक खरिद गरी बितरण गरेको बिल भरपाई पेश गरेको देखिएन । बिद्यालयको खातामा निकासा गएको उक्त रकमबाट बिद्यालयले कतिको पुस्तक खरिद गरी बितरण गरे कति रकम बाकी छ एकिन हुन सकिएन । नगरपालिका कार्यालयले बिद्यालयमा निकासा गएको रकमको बिल भरपाई लिई वास्तविक खर्च एकिन गरी बिल भरपाइ बिद्यार्थी हाजिर अभिलेखका आधार पेश गर्न लगाई बाकी रहन गएको रकम संघिय संचित कोष दाखिला गर्नु पर्ने देखिन्छ | |
| २८. | **दिवाखाजा** :कार्यालयको वार्षिक कार्यक्रम अनुसार तोकिएको लक्षित समूहको वालवालिकाहरुलाई दिवा खाजा उपलब्ध गराउने व्यवस्था छ। न.पा.ले विधालयहरुलाई दिवा खाजा उपलब्ध गराएकोमा बिद्यालयहरुले खाजा खुवाएको बिधार्थीको उपस्थितीको हाजिर उतार प्रतिलिपी प्रमाणित गरी पठाएको देखिएन । अत नगरपालिका कार्यालयले बिद्यालयको खातामा निकासा दिएको दिवाखाजा वापतको रकमको प्रमाण पेश गर्न लगाउनु पर्दछ । | |
| २९. | **सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम:-** यस नगरपालिकाले सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत आ.व.२०७९/०८० मा सामाजिक सुरक्षा भता पाउने लाभग्राहीहरुलाई १० करोड ९३ लाख ९० हजार ९ सय १९ र पैसा ७६ भुक्तानी गरी खर्च गरेको देखिन्छ । भने लाभग्राहीहरुको खातामा रिभर्सफिड गरी रकम जम्मा गरेको विवरण संलग्न राखेको छ । | |
| ३०. | **जिन्सी व्यवस्थापन:-** कार्यालयको जिन्सी मालसामानहरुको सुरक्षित व्यवस्थापन तथा जिन्सी सुदृढीकरण गर्न आवश्यक देखिएकोले नेपाल सरकारबाट तयार भएको जिन्सी व्यवस्थापन प्रणाली (PAMS) आशिंक रुपमा संचालनमा रहेकोले पूर्ण रुपमा संचालनमा ल्याउनु पर्ने देखिन्छ । | |
| ३१. | गौर नगरपालिकाको नाँउमा दर्ता रहेको सवारी साधनहरुको आ.व.२७९/०८० को नविकरण गर्नुपर्ने देखिन्छ । | |
| ३२. | गौर नगरपालिकाको स्वामित्वमा रहेको पुराना र काम नलाग्ने टुटफुट भएका जिन्सी सामाग्री तथा सवारी साधनहरुको नियमानुसार मूल्यांकन गरी समयमै लिलाम बिक्री गर्नु पर्ने देखिन्छ । | |
| ३३. | **कानुन कार्यविधि निर्माण:-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्र कार्य संचालन गर्दा आवश्यक ऐन, नियम,निर्देशिका,कार्यविधि र मापदण्ड बनाई सो को अधिनमा रही कार्य गर्नुपर्ने व्यवस्था बमोजिम नगरपालिकाले विभिन्न ऐन,नियम,नियमावली,कार्यविधि,निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याएको देखिन्छ । | |
| ३४. | विगतका बर्षमाहरुमा आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परीक्षणबाट औल्याइएका पेश्की तथा बेरुजु फर्छयौट गरी बेरुजु शून्य गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| ३५. | नगरपालिकाको आन्तरिक आय न्यून देखिएकोले विकास निर्माण कार्यमा उल्लेखनिय रुपमा प्रगति हुन नसकेकोले आगामी दिनहरुमा आन्तरिक आयको दायरा बृद्धि हुन सकेमा नगरको विकासमा टेवा पुग्ने देखिन्छ । | |
| ३६. | नगरपालिकाले यथार्थ बस्तु स्थिति झल्किने गरी नगर प्रोफाईल तयारी गर्नुपर्ने देखिन्छ । | |

दस्तखत:-

सरोज कुमार लाल दास

आन्तरिक लेखा परीक्षण अधिकारी

मितिः-२०८०/०५/१७

सरोज कुमार लाल दास

शाखा प्रमुख

आन्तरिक लेखा परिक्षण शाखा